०८३-५२०३०५
०८३-५२०१८१
टोल फ्रि न.१६६०८३५२०००
email: dado_skt@yahoo.co
www.dadosurkhet.gov.np

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय

# जिल्ला कृषि विकास कार्यालय, सुर्खेत

पत्र संख्या : २०७३/०७४
चलानी नं : ९०६

मिति: २०७३/०४/३२

**(प्रथम पटक सुचना प्रकाशन मिति २०७३/०५/०१)**

यस कार्यालयको आ.व.२०७३/०७४ को वार्षिक कार्यक्रम अनुसार कृषि प्रसार,राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण कार्यक्रम तथा कृषि तथा खाद्य सुरक्षा आयोजनातर्फ संचालन हुने प्लास्टिक पोखरी, साना सिंचाई कार्यक्रम संचालनको लागि कृषक समूह सहकारी संस्था जल उपभोक्ता संस्थाहरुमा आवद्ध कृषकहरुबाट तथा सहकारी खेतीमा आधारित साना सिंचाइ लागि कृषि सहकारी संस्थाहरुबाट निवेदन संकलन गरि प्राविधिक सम्भाव्यताको आधारमा सिंचाई आयोजना संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समुह कृषि सहकारी संस्था जल उपभोक्ता संस्थाहरुलाई मिति २०७३/०५/०१ गते देखि लागु हुने गरि (३० दिन) २०७३/०५/३० गते कार्यालय समय भित्र यस कार्यालयमा निवेदन पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गर्न सकिनेछ । निबेदन पेश गर्दा तपशिलका शर्तहरुमा रही निवेदन पेश गर्न हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. साना सिंचाई कार्यक्रममा स-साना बाँध, कुलो सुधार, संरक्षण, पोलिथिएन पाइप, सिमेन्ट पोखरी, पम्पसेट, मोटर इनार र प्लास्टिक पोखरी आदि स-साना आयोजनाहरुलाई सहयोग हुनेछ ।
२. निवेदक कृषक समुह (जिल्ला कृषि विकास कार्यालयमा दर्ता भई समुह प्रमाणपत्र नवीकरण भएको) जल उपभोक्ता समिति (जलश्रोत ऐन २०४९ अनुसार) कृषि सहकारी संस्था (सहकारी ऐन २०४८ अनुसार दर्ता भई प्रमाणपत्र नवीकरण भएको) हुनुपर्नेछ ।
३. प्लास्टिक पोखरी, साना सिंचाईका लागि निवेदन पेश गर्दा जिल्ला कृषि विकास कार्यालयले उपलब्ध गराएको निर्धारित फारममा आवश्यक बिवरण भरी समुह/संस्थाको प्रमाणपत्रहरुको प्रतिलिपि सहित प्रति आयोजना **रु. १०० (एक सय मात्र) (पछि फिर्ता नहुने गरी)** र सहकारी खेतीमा आधारित साना सिंचाई कार्यक्रमको लागि **रु. ३०० (तीन सय मात्र)** यस कार्यालयको **कोड नं. ६४-३१२-०१, राजश्व खाता नं.क १-१-००७, राजश्व शिर्षक नं. १४२२७** मा दाखिला गरेको सक्कल भौचर सहित पेश गर्नु पर्नेछ वा कार्यालय तथा सेवा केन्द्र मा पनि नगदी रसिद काटी भौचर भर्न सकिनेछ ।
४. आयोजनाको माग गर्दा कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति निम्न लिखित कागजातहरु पेश गर्नुपर्नेछ ।
   - ✓ समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
   - ✓ समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता संस्थाको आयोजना माग गर्ने बारे निर्णय प्रतिलिपि ।
   - ✓ सम्बन्धित कृषि सेवा केन्द्र तथा गा.वि.स./नगरपालिकाको सिफारिस पत्र ।
   - ✓ **कृषि सहकारीको हकमा डिभिजन सहकारी कार्यालय वाट कालो सुचीमा नपरेको सिफारिस पत्र ।**
   - ✓ **सहकारी खेतीमा आधारित सानासिंचाईको लागि कृषि तथा खाद्य सुरक्षा आयोजना लागु भएका गा.वि.स.हरुबाट मात्र निवेदन संकलन हुने ।**
५. आयोजना स्वीकृत भएमा निर्माण कार्य स्वयं उपभोक्ता मार्फत संचालन गर्नुपर्नेछ । **ठेक्का दिन पाईने छैन ।**
६. आयोजनाको कार्य चालु आ.व. भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।
७. आयोजनाको स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार जिल्ला कृषि विकास समितिको हुनेछ ।
८. आयोजनाको बजेट बाँडफाँड जिल्ला कृषि विकास समितिको निर्णयअनुसार हुनेछ ।
९. आयोजना लागतको कम्तीमा **१५ प्रतिशत** रकम कृषक समुह/सहकारी/जल उपभोक्ता संस्थाले जनश्रमदान गर्नुपर्नेछ ।
१०. रित नपुगेका तथा म्याद नाघि आएका निबेदन माथि कुनै कारवाही हुनेछैन ।
११. प्लास्टिक पोखरी, साना सिंचाई कार्यक्रम संचालनको लागि कृषक समूह/सहकारी संस्था जल उपभोक्ता संस्थाहरुमा आवद्ध कृषकहरुबाट तथा सहकारी खेतीमा आधारित साना सिंचाईको लागि कृषि सहकारी संस्थाहरुबाट आयोजना मागको फारम भरी सम्बन्धित सेवा केन्द्रमा पनि पेश गर्न सकिनेछ ।
१२. बिस्तृत जानकारीका लागि जिल्ला कृषि विकास कार्यालय वा सम्बन्धित कृषि सेवा केन्द्रमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

(अजयकुमार गिरी)
वरिष्ठ कृषि विकास अधिकृत